मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३१० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर १७ गते बुधबार ❑ 3 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पर्यटनबाटै आर्थिक समृद्धि हुने दाबी सहित पोखराका पर्यटन व्यवसायीसँग छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, १६ मंसिर



नवगठित गतिशील लोकतान्त्रिक पार्टी (गतिलो) ले देशको आर्थिक समृद्धि र रोजगारी विस्तारको मूल मन्त्रसहित आफ्नो राजनीतिक यात्रामा निर्णायक मोड अघि सारेको छ

मंगलबार पोखरामा पर्यटन व्यावसायी र पत्रकारहरु बिच आयोजित छलफल-कार्यक्रममा पार्टीका शीर्ष नेतृत्वले पर्यटनलाई 'रोजगार तथा आर्थिक क्रान्तिको प्रमुख आधार'का रूपमा अघि सार्दै आगामी दशकमा वार्षिक ५० लाख पर्यटक भित्र्याउने महत्वकाक्षि लक्ष्य सार्वजनिक गर्नुभयो । कार्यक्रममा बोल्दै पार्टीका संस्थापक सदस्य तथा बुद्ध एयरका कार्यकारी अध्यक्ष वीरेन्द्रबहादुर बस्नेतले गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (भैरहवा) बाट अन्तर्राष्ट्रिय उडानहरू सुदृढ गर्दै नेपालले पर्यटनमार्फत आर्थिक क्षेत्रमा कायापलट गर्न सकिने दाबी गर्नुभयो । "६२ वर्षमा आराम होइन, भावी पुस्ताको भविष्यका लागि लड्नुपर्ने अवस्था आयो ।" बस्नेतले भन्नुयो। बस्नेतले आफ्नो उमेर, पेशा र जीवनको सहज अवस्था त्यागेर नयाँ दल निर्माणमा होमिनुको कारण स्पष्ट आर्थिक मुद्धा पहिलो एजेण्डा सहित नेपालमा पर्यटनबाटै कायापलट गर्न सकिने दाबी गर्नुभयो। अब पुराना राजनीतिक संस्कार विरुद्ध लडेरै भए पनि देशमा परिवर्तन ल्याउनुपर्छ भन्ने आफुहरु राजनीतिमा होमिएको बस्नेतको तर्क थियो।

नेपालमा मुख्य पेशा 'राजनीति' बनाउने प्रवृत्तिले नै देशमा व्यापक भ्रष्टाचार, अवसरवादी र संस्थागत कुशासन मौलाएको जसको परिणाम स्वरुप जेनजी युवाको आन्दोलन भएको उहाँले दाबी गर्नुभययो। उहाँले भन्नुभयो "हाम्रो पार्टीमा मुख्य पेशा राजनीति गर्न पाइँदैन, व्यवसायीक, पेशागत र सिर्जनशील मनुष्य शक्ति राजनीतिमा आउनुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ ।, पेशालाई छोडेर राजनीतिलाई रोजगारी बनाउने संस्कारले देश बिगाऱ्यो, त्यसलाई अन्त्य गर्न हामी बाध्य भएर पार्टी खोलेका हौं ।" बस्नेतले गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई क्षेत्रीय 'टुरिज्म हब' का रुपमा रूपान्तरण गर्न सकिने दाबी गर्नुभयो । भैरहवा र नयाँ दिल्ली विमानस्थलबाट वाइडबडी उडान सम्भव भएको जनाउदै उहाँले नेपालमा दैनिक ५० उडान सजिलै संचालन गर्न सकिने, १० वर्षमै ५० लाखदेखि १ करोडसम्म पर्यटक भित्र्याउने क्षमता रहेको जनाउनु भयो । यसपालीको निर्वाचनमा आफुहरु विजयी भएमा ५० वटा जहाज किनेर भए पनि विमानस्थल चलायमान बनाउदै रोजगारी र समृद्धि द्रुत गतिमा अघि बढाउने उहाँको दाबी थियो । यसबाट पर्यटनको राजधानि पोखरालाई सिधै फाइदा हुने दाबी गर्नुभयो । नेपालमा धार्मिक पर्यटन, साहसिक पर्यटन, वेलनेस टुरिजमको सम्भावना रहेको बताउदै बस्नेतले क्षेत्रीय सर्किट (लुम्बिनी-पोखरा-चितवन) लाई जोड्दा सबै तर्फको पर्यटन र आर्थिक चलायमान हुने बताउनु भयो।

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक तथा पार्टीका अध्यक्ष दिनेश प्रसाईंले पुराना दलले संरचनागत सुधार गर्न नसकेकाले नयाँ दलको आवश्यकता सिर्जना गरी आफुहरु दिलो ज्यान दियर लागेको बताउनु भयो । "हाम्रो विचार 'गतिशील मध्यमार्ग' हो। न अन्धाधुन्ध उदारवाद, न अव्यावहारिक कट्टरता। शिक्षा, अर्थतन्त्र र सुशासनमा प्रगतिशील तर तथ्यमा आधारित नीतिको पक्षमा हौं," प्रसाईंले भन्नुयो । चपर्यटन विज्ञ ज्ञानेश्वर महतोले पार्टीका एजेन्डा 'अनुमानका भर'मा नभई तथ्य-तथ्याङ्क र अध्ययनका आधारमा तयार गरिएको स्पष्ट पार्नुभयो । पोखरामा प्रस्तुत गरिएको गतिशील लोकतान्त्रिक पार्टीको अवधारणाले नेपालमा नयाँ राजनीतिक शैली, पारदर्शी संस्कृति र पर्यटन मार्फत आर्थिक क्रान्ति गर्ने दाबीलाई बलियो बनाएको उहाँले जनाउनु भयो। देशभर चलिरहेको असन्तोष, बेरोजगारी र आर्थिक स्थिरतामा आएको खाडललाई सम्बोधन गर्न अब पार्टी 'व्यावहारिक नीति सहितको वैकल्पिक शक्ति'का रूपमा प्रस्तुत हुन चाहेको महतोले बताउनु भयो।

## समानुपातिक निर्वाचन प्रणालीतर्फको कार्यक्रम मंसिर २० गतेदेखि

**रासस**
काठमाडौं, १६ मंसिर

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम यही मङ्सिर २० गतेदेखि सञ्चालन हुँदैछ।

आयोगले आइतबारदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचन अधिकृतको कार्यालय आयोगको कान्तिपथस्थित कार्यालयमा स्थापना गरेसँगै सो कार्यक्रमका लागि तयारी सुरू गरिएको हो।

निर्वाचन आयोगद्वारा स्वीकृत निर्वाचन कार्यक्रम अनुसार मङ्सिर २१ गते बिहान १० बजे २३ गते दिउँसो ४ बजेसम्म सो प्रणालीमा भाग लिन चाहने राजनीतिक दलले निवेदन पेस गर्नेछन्। मङ्सिर २४ गते बिहान १० देखि दिउँसो ४ बजेसम्म निवेदन पेस गर्ने राजनीतिक दलको नामावली प्रकाशन गरिने छ । आगामी पुस १३ र १४ गते उम्मेद्वारको बन्दसूची पेस गर्ने र माघ २० गते उम्मेद्वारहरूको बन्द सूची अन्तिम प्रकाशन हुनेछ।

समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचन अधिकृतको कार्यालयको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले उद्घाटन गर्नुभएको थियो।

समानुपातिकतर्फको निर्वाचन अधिकृतका रूपमा आयोगका सचिव माहादेव पन्थ र सहायक निर्वाचन अधिकृतका रूपमा सहसचिव यज्ञप्रसाद भट्टराईले जिम्मेवारी बहन गर्नुभएको छ । समानुपातिक निर्वाचन व्यवस्थापनका लागि ४१ कर्मचारी खटिने छन्। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले सूत्रात्मक पद्धतिबाट राष्ट्रिय तथ्याङ्क कार्यालयसमेतको सहयोगमा कानुन बमोजिमका जातीय, भौगोलिक, लैङ्गिकलगायतका समूह छुट्याएर प्रतिनिधि चयन गरिने भएकोले सबै पक्षको भरोसा रहने विश्वास व्यक्त गर्नुभयो।

विद्यमान कानुन अनुसार प्रतिनिधिसभाका २७५ सदस्यको प्रत्यक्ष र समानुपातिक गरी दुई प्रणालीबाट हुनेछ । सभामा १६५ सदस्यको प्रत्यक्ष र बाँकी ११० सदस्यको चयन एक समानुपातिक प्रतिनिधित्वद्वारा गरिनेछ । निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) प्रणालीतर्फ आगामी माघ ६ गते सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा उम्मेद्वारी मनोनयनको कार्यक्रम राखिएको छ।

आइतबार नै नेपाल सरकारका अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र कानुनमन्त्री माननीय अनिलकुमार सिन्हाले निर्वाचन आयोगमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूसँग निर्वाचन पूर्व तयारीको अवस्था र आगामी दिनमा निर्वाचन सम्पन्न गर्न नेपाल सरकारले आयोगलाई उपलब्ध गराउनुपर्ने सहयोगका विषयमा छलफल गर्नुभएको छ।

## महाधिवेशनका लागि समय कम भयो: नेता कोइराला

**रासस**
चितवन, १६ मंसिर

नेपाली कांग्रेसका नेता डा शशाङ्क कोइरालाले महाधिवेशनका लागि समय कम भएको बताउनुभएको छ।

मंगलबार यहाँ पत्रकारहरूसँग कुराकानी गर्दै उहाँले महाधिवेशन गर्न कम्तीमा तीन महिना समय आवश्यक पर्ने बताउनुभयो । कोइरालाले भन्नुभयो, "समय कम भयो । महाधिवेन पुसमा सम्भव भएन भने निर्वाचनपछि हुन्छ ।" उहाँले पार्टीले पुसमा गर्ने निर्णय गरेको भए पनि हुन्छ या हुन्न भन्नेमा टुङ्गो नभएको बताउनुभयो।

यद्यपि सबै महाधिवेशनको तयारीमा जुट्नुपर्ने उहाँको भनाइ छ। जेनजीलाई समेत महाधिवेशनमा समेटेर लैजानुपर्ने उहाँले बताउनुभयो। महाधिवेशनमा उम्मेद्वारीका सम्बन्धमा उहाँले भन्नुभयो, "सभापतिका लागि लड्ने भनेको थिएँ । शेखर दाई हुनुहुन्छ । उहाँ पनि इच्छुक हुनुहुन्छ । कुरा भइरहेको छ । दुईजनामध्ये एक जना लड्छौं।

## पर्यटकीय उल्लेरी-घोडेपानी सडकखण्डमा मोटरेवल कल्भर्ट पुल

**पोखरापत्र संवाददाता**
पोखरा, १६ मंसिर

अन्नपूर्ण संरक्षण क्षेत्रभित्रको महत्त्वपूर्ण विश्वप्रख्यात पर्यटकीय गन्तव्य घोडेपानी जाने प्रमुख सडकमार्ग विरठाँटी-तीखेढुङ्गा-उल्लेरी-घोडेपानी खण्डमा मोटरेवल कल्भर्ट पुल निर्माण सुरु भएको छ।

कास्कीको अन्नपूर्ण गाउँपालिकाको उल्लेरीदेखि म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको पर्यटकीय गन्तव्य घोडेपानी जोड्ने सो सडकको अन्नपूर्ण-८ मा पर्ने मताठाटीमा आज कल्भर्ट पुल निर्माण शिलान्यास गरिएको हो।

कास्कीको अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षको योजनामा समावेश रु २६ लाख लागतमा पुल निर्माण अघि बढाएको हो । पुल निर्माणसँगै कास्कीको नयाँपुल विरेढाँटी हुँदै विश्वप्रख्यात घोडेपानी पुन हिल पुग्ने पर्यटक लाभान्वित हुनेछन्।

बर्खाको समयमा सास्ती पाउँदै आएका स्थानीय र पर्यटकले कल्भर्ट पुल बनेसँगै वर्षभरि सहज यात्रा गर्न पाउने अन्नपूर्ण गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले बताउनुभयो । उहाँले भन्नुभयो, "यस सडकलाई गाउँपालिकाले महत्त्वपूर्ण पूर्वाधार परियोजनाका रूपमा लिएको छ। सङ्घ र प्रदेश सरकारको समेत लगानीमा यो सडक स्तरोन्नति भइरहेको छ । मोटरेवल कल्भर्ट पुल निर्माणलाई गाउँपालिकाले यथाशीघ्र सम्पन्न गरी बर्खायाममा हुने जोखिम तथा असुविधा न्यूनीकरण गर्ने लक्ष्य राखेको छ।"

पुल निर्माणसँगै यातायात सहजता, जीवनस्तर सुधार र जोखिम न्यूनीकरणको अपेक्षा गरिएको छ। महत्वपूर्ण पर्यटकीय गन्तव्यमा बन्ने पुलले पर्यटक आगमन वृद्धिका साथै पर्यटकलाई थप सुविधा पुग्ने अपेक्षा गरिएको अध्यक्ष केसीले बताउनुभयो । "कल्भर्ट पुलको निर्माणले पर्यटकीय रूपमा महत्त्वपूर्ण उल्लेरी-घोडेपानी क्षेत्रको यातायात सहज बनाउने छ", उहाँले भन्नुभयो । कास्कीको अन्नपूर्ण गाउँपालिकाको नयाँपुलबाट यो सडक विरेठाँटी हुँदै म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको घोडेपानी, शिख, घार हुँदै पालिकाको केन्द्र पोखरेबगर जोडिन्छ।

यो सडकलाई धार्मिक सडक 'मुक्ति मार्ग'को रूपमा समेत लिइएको छ । विगतमा पोखरा-बागलुङ राजमार्ग नबन्दा यही मार्ग हुँदै मुस्ताङ आवतजावत हुने गरेको थियो । यसलाई धार्मिक सडकका रूपमा पोखरा-मुस्ताङ जोड्ने वैकल्पिक सडकको रूपमा समेत हेरिएको अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी बरालले बताउनुभयो।

"बर्खायाममा जहिले पनि सास्ती थियो । हिम पाइप राखेर सवारी आवतजावत हुने गरे पनि खोलामा बाढी आउनेबित्तिकै बगाउने गरेकाले स्थानीयसँगै पर्यटकलाई समेत दुःख थियो । अहिले कल्भर्ट निर्माण सुरु भएसँगै सानो कामले पनि जनतालाई सुविधा हुने देखिएको छ," बरालले भन्नुभयो।

पोखरादेखि मुस्ताङ जोड्ने वैकल्पिक सडकसमेत रहेकाले यहाँ निर्माण हुने छ मिटर फराकिले कल्भर्टको ठूलो महत्व रहेको उहाँको भनाइ छ।


## मधेस प्रदेशका मुख्यमन्त्री यादवले बुधबार विश्वासको मत लिने

**रासस**
काठमाडौं, १६ मंसिर

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बुधबार विश्वासको मत लिने हुनुभएको छ । मंगलबार यहाँ पत्रकार सम्मेलन गर्दै उहाँले बुधबार दिउँसो २ बजे विश्वासको मत लिन लागेको बताउनुभयो।

मुख्यमन्त्री यादवले सर्वोच्च अदालतले २४ घण्टाभित्र विश्वास मत लिन भनिए पनि आफूले परमादेशको पत्र मङ्गलबार दिउँसो ३ बजे मात्र प्राप्त गरेको हुँदा सोही आधारमा विश्वासको मत लिनका लागि प्रदेशसभा सचिवालयमा पत्रसमेत पठाइसकिएको जानकारी दिनुभयो। "अदालतको फैसलाअनुसार प्रक्रिया हुन्छ र विश्वासको मत मैले नै पाउँछु। एमालेले मधेसमा ज-जसलाई मुख्यमन्त्री बनाएको छ । ती सबै दलले मलाइ सघाउँछन्", उहाँले दाबी थियो । सोमबार सर्वोच्च अदालतले २४ घण्टाभित्र विश्वासको मत लिन मुख्यमन्त्री यादवको नाममा परमादेश जारी गरेको थियो।

यादव प्रदेशसभाको सबैभन्दा ठूलो दल नेकपा (एमाले) संसदीय दलको नेताका हैसियतमा मुख्यमन्त्री नियुक्त हुनुभएको थियो । अन्य दलले बहुमतका आधारमा सरकार बनाउन आग्रह गरे पनि तत्कालीन प्रमुख सुमित्रा भण्डारीले यादवलाई मुख्यमन्त्री नियुक्त गर्नुभएको थियो । त्यसमा विवाद उत्पन्न भएपछि प्रदेश प्रमुख भण्डारीलाई सङ्घीय सरकारको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गर्नुभएको थियो । मुख्यमन्त्री यादवको नियुक्तिविरुद्ध प्रदेशसभाका ७४ जना सदस्यले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । रिटमा सर्वोच्च अदालतले यसअघि पनि दीर्घकालीन असर पर्ने निर्णय नगर्न अन्तरिम आदेश दिएको थियो।

# ‘एल्गोरिदम र स्वतन्त्रता’ विषयक विशेष सत्र पोखरा आदर्श विद्यालयमा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ मंसिर

पोखरा आदर्श माध्यमिक विद्यालय, बगरमा एलएलआइद्वारा आयोजित एल्गोरिदम एण्ड फ्रिडम शीर्षकको विशेष शैक्षिक सत्र आइतबार सफलतापूर्वक सम्पन्न भयो।

बिहानी सत्र संयोजक कुशल तिमिल्सिनाका अनुसार उक्त कार्यक्रमले आधुनिक डिजिटल परिवेशमा स्वतन्त्रताको अर्थ, दायरा र चुनौतीबारे केन्द्रित रहेको थियो। कार्यक्रमको उद्घाटन गर्दै विद्यालयका निर्देशक नारायण न्यौपानेले वर्तमान पुस्ता डिजिटल संसारसँग अत्यन्त घनिष्ठ रूपमा जडिएको हुँदा एल्गोरिदम, डाटा प्रवाह र सूचना-सुरक्षाबारे वैज्ञानिक समझ विकास गर्नु अत्यन्त आवश्यक भएको बताए। उनले विद्यालयले विद्यार्थीहरूको डिजिटल क्षमता र आलोचनात्मक सोचलाई मजबुत बनाउने खालका यस्ता शैक्षिक कार्यक्रमलाई निरन्तर प्रोत्साहन गर्दै आएको उल्लेख गरे। गण्डकी प्रदेशका लागि एलएलआई एम्बेस्डर अनुजा गौतमले उक्त सत्रको सहजीकरण गरेकी थिइन्। कक्षा ११ का विद्यार्थीसामु प्रस्तुत गरिएको सत्रले डिजिटल क्षेत्रमा



कार्यरत अदृश्य संरचना–विशेषगरी एल्गोरिदम–कसरी हाम्रा विचार, धारणा, निर्णय र सामाजिक व्यवहारमा प्रभाव पार्छन् भन्ने विषयलाई स्पष्ट र तथ्यपूर्ण ढङ्गमा व्याख्या गर्‍यो। सहजीकर्ता गौतमले सामाजिक सञ्जालका सामग्री छनोटदेखि लिएर ध्यान खिच्ने मनोविज्ञान, डाटा प्रवाह, र प्रयोगकर्ताको व्यवहारसम्म एल्गोरिदमिक प्रणालीले निर्माण गर्ने प्रभावबारे विद्यार्थीसँग गम्भीर छलफल गरेकी थिइन्। उनले व्यक्तिगत स्वतन्त्रताका आधारभूत सिद्धान्तहरू, डिजिटल युगमा बढ्दो निगरानी प्रवृत्ति, कम्पनीहरूले प्रयोगकर्ताको डाटा सङ्कलन तथा यसको वाणिज्यिक उपयोगका अन्तर्राष्ट्रिय उदाहरण प्रस्तुत गर्दै विद्यार्थीहरूलाई डिजिटल अधिकारका सवालमा सचेत गराइन्। उनले डिजिटल प्लेटफर्महरूले बनाएका “फिल्टर बबल” र “इको च्याम्बर” जस्ता प्रवृत्तिहरूले सामाजिक सहमति निर्माण, लोकतान्त्रिक अभ्यास समेत दीर्घकालीन असर पार्न सक्ने तथ्य औंल्याइन्। कार्यक्रममा विद्यार्थीहरूको सक्रिय सहभागितासहित गलत सूचना फैलिने प्रक्रिया, सोशल मिडिया लत, अनलाइन मान्यता खोज्ने संस्कृति, र डिजिटल पहिचान व्यवस्थापन सम्बन्धी बहसहरू पनि समावेश थिए। साथै वास्तविक जीवनमा भएका डेटा-गोपनीयता हननका घटनाहरू, विश्वव्यापी नियामक प्रयासहरू र नेपालमा डिजिटल सुरक्षा सम्बन्धी चुनौतीहरूको विश्लेषण पनि गरिएको थियो। यसका अतिरिक्त, सामाजिक जीवनमा क्रियाशील “अदृश्य एल्गोरिदम”–जस्तै सांस्कृतिक अपेक्षा, सामाजिक मान्यता, लिँगा-भूमिका, र सामुदायिक दबाब–कसरी व्यक्तिगत स्वतन्त्रता र पहिचानलाई आकार दिन्छन् भन्ने विषयमा पनि गहन चर्चा भयो। कार्यक्रमका अन्त्यमा डिजिटल सु-स्वास्थ्य जोगाउने उपाय, सुरक्षित अनलाइन व्यवहार, पासवर्ड सुरक्षा, गोपनीयता सेटिङ, डाटा ट्र्याकिङबाट बच्ने विधि, तथा अनलाइन प्लेटफर्महरूको जिम्मेवार प्रयोगसम्बन्धी व्यावहारिक मार्गदर्शन प्रदान गरिएको थियो।

कार्यक्रमपछि सहभागी विद्यार्थीहरूले डिजिटल संसारलाई नयाँ दृष्टिले बुझ्न पाएको अनुभव व्यक्त गर्दै, सामाजिक सञ्जालमा देखिने सामग्री “तटस्थ” नहुने र प्रयोगकर्ताको व्यवहारलाई लक्षित गरेर डिजाइन गरिने प्रक्रियाबारे गम्भीर चासो व्यक्त गरे। विद्यालयका सह-प्राचार्य ज्ञानेश्वर सुबेदीले यस्ता कार्यक्रमले विद्यार्थीहरूलाई केवल प्रविधिको उपभोक्ता मात्र होइन, डिजिटल सचेतना र स्वतन्त्रताको मूल्य बुझ्ने जानकार नागरिक बनाउन मद्दत गर्ने विश्वास व्यक्त गरे।

# निट डेण्टल पत्रकारिता पुरस्कार स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, १६ मंसिर

पोखरा महेन्द्रपुलमा रहेको निट डेन्टल केयर प्रालिले ‘निट डेण्टल पत्रकारिता पुरस्कार’ स्थापना गरेको छ।

डेण्टलको तेस्रो वार्षिकोत्सवका अवसरमा आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकी प्रदेशले सञ्चालन गर्ने गरी पुरस्कार स्थापना गरिएको हो। प्रत्येक वर्ष प्रदान गरिने पुरस्कारका लागि डेण्टलले ५ लाख रुपैयाँको अक्षयकोष पनि स्थापना गरेको छ। मंगलबार एक कार्यक्रमका बीच फोनिज गण्डकीका उपाध्यक्ष धनबहादुर गुरुङ ‘सुमन’ र निट डेण्टल केयर प्रालिका प्रवन्ध निर्देशक वीरेन रानामगरबीच अक्षयकोष स्थापना गर्ने गरी सम्झौतापत्रमा हस्ताक्षर भएको छ। पत्रकारिताको क्षेत्रमा काम गरिरहेका पत्रकार सम्मान गर्ने उद्देश्यले पुरस्कार घोषणासँगै अक्षयकोष स्थापना गरिएको हो। डेण्टलको वार्षिकोत्सवका अवसरमा नेपालभर जुनसुकै जिल्लामा रहेर पत्रकारिता क्षेत्रमा काम गरिरहेका एक जना पत्रकारलाई नगद २५ हजार ५ सय ५५ रुपैयाँसहित सम्मान गरिने छ। कार्यक्रममा डेण्टलका



प्रवन्ध निर्देशक रानाले आफूले विभिन्न क्षेत्रमा सामाजिक काम गर्दै आइरहेको अवस्थामा पत्रकारिताको क्षेत्रमा पनि केही योगदान गर्नुपर्छ भन्ने हेतुले अक्षयकोष स्थापना गरेको बताए।

पत्रकारिता क्षेत्र समाजको अभिन्न अंग भएको र यसले समाजमा भइरहेका हरेक सूचनालाई आम नागरिक समक्ष प्रवाह गर्ने भएकाले यो क्षेत्रमा योगदान गर्न पाउनु आफ्नो अहोभाग्य भएको रानाको भनाई थियो। पहिलो वर्ष गण्डकी प्रदेशका विभिन्न जिल्लामा पत्रकारिता क्षेत्रमा काम गरिरहेका पत्रकारलाई प्राथमिकता दिए पनि आगामी वर्षबाट देशभरीका पत्रकारलाई सम्मान गर्ने उद्देश्य भएको उनले जानकारी दिए। नेपाल आदिवासी जनजाति पत्रकार महासंघका संघीय सचिव एमबी आस्था मगरले पुरस्कारले पत्रकारलाई हौसला प्रदान गर्ने बताए। पुरस्कार वितरणको कार्यक्रमलाई निरन्तरता दिनु अहिलेको आवश्यकता भएको उनको भनाई छ। ‘आफ्नै अगाडि धेरै पुरस्कार केही वर्षमा वितरण गर्न रोकिएको उदाहरण देखिरहेका छौं, अब अक्षयकोष स्थापना भइसकेपछि निट डेण्टल पुरस्कारले हरेक वर्ष निरन्तरता पाउने छ,’ उनले भने। निट डेण्टल पुरस्कारले आदिवासी जनजाति समुदायका पत्रकारलाई मात्र नभएर अन्य समुदायका पत्रकारलाई समेत समेट्दै अगाडि बढ्ने संघीय सचिव आस्थामगरको विश्वास छ। यो पुरस्कार पोखरा वा गण्डकी प्रदेशका पत्रकार हरुमा मात्रै सीमित नगरेर देशभरीका पत्रकारलाई सम्मान गर्ने गरेर स्थापना गरिएको उनले जानकारी दिए।

# पोखरामा ‘स्मृतिमा झलकमान, नारायणगोपाल साँझ’ हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १६ मंसिर

पोखरास्थित झलकमान गन्धर्व सारङ्गी पाठशाला र रेडियो अन्नपूर्णको संयुक्त आयोजनामा आगामी बिहीबार ‘स्मृतिमा झलकमान, नारायणगोपाल साँझ’ हुने भएको छ।

पोखरा महानगरपालिका-९ को वडा कार्यालय मुख्य प्रवर्द्धक रहेको उक्त साङ्गीतिक कार्यक्रममा झलकमान गन्धर्व सारङ्गी पाठशालाका विद्यार्थीले झलकमान र नारायणगोपालका गीत सुनाउने छन्। रेडियो अन्नपूर्णको रजत वर्षको अवसर पारेर उक्त कार्यक्रमको आयोजना गरिएको रेडियोका स्टेसन म्यानेजर सञ्जयकुमार मल्लले बताउनुभयो। कला, साहित्य र सङ्गीतको जगेर्ना गर्ने उद्देश्यसहित नेपाली सङ्गीत जगतका दुई मूधर्न्य प्रतिभाको स्मृतिमा साङ्गीतिक कार्यक्रमको आयोजना गरिएको उहाँको भनाइ छ। कार्यक्रम पोखरा-९ महेन्द्रपुलमा रहेको फाल्चामा बिहीबार अपराह्न ४:०० बजदेखि सुरु हुने जनाइएको छ। प्रवेश निःशुल्क रहेको उक्त कार्यक्रममा कलाकारले सारङ्गीको धुनमा झलकमान गन्धर्व र नारायणगोपालका चर्चित गीतहरू प्रस्तुत गर्नेछन्। रेडियो अन्नपूर्णले बर्सेनि नारायणगोपालको स्मृतिमा ‘नारायण गोपाल साँझ’ आयोजना गर्दै आएको छ। रजत वर्षका अवसरमा यस अगाडि रेडियोले पोखरा-१४ मा रहेको वात्स्यायन वृद्धाश्रममा खाद्यान्न तथा लत्ताकपडा सहयोग, विभिन्न बहसमूलक कार्यक्रम, ‘जेनजी’ आन्दोलनका क्रममा आगजनी र तोडफोड भएको जिल्ला प्रहरी कार्यालय कास्कीमा स्टेसनरी सामग्री वितरण गरेको थियो। यस्तै, प्रसिद्ध धार्मिक पर्यटकीयस्थल विन्ध्यवासिनी मन्दिर परिसरमा सरसफाइ, झलकमान गन्धर्व सारङ्गी पाठशालाका विद्यार्थीलाई राष्ट्रिय पोशाक सहयोगलगायत कार्यक्रम गरिसकेको छ।

# एनपिएल: साबिक विजेता जनकपुरको पहिलो जित

**रासस**
काठमाडौं, १६ मंसिर

राजधानीमा जारी दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत आजको पहिलो खेलमा साबिक विजेता जनकपुर बोल्ट्स विजयी भएको छ। जनकपुरले चितवन राइनोजलाई ६ विकेटले हरायो।

जनकपुरको प्रतियोगितामा पहिलो जित हो। यसअघि लगातार चार खेल हारेको जनकपुरले आज दुई अङ्क जोड्यो। चितवनले भने पाँच खेलबाट दुई खेल मात्रै जितेको छ। जितका लागि पाएको १७७ रनको लक्ष्य १७.३ ओभरमा चार विकेटको क्षतिमा पूरा गर्‍यो। यसमा माज सदाकत र अनिल साहले उत्कृष्ट ब्याटिङ गर्दै अर्धशतक जोडे। माजले ६३ र




अनिलले ६१ रन बनाए।

बलिङतर्फ चितवनका कमलसिंह ऐरी, साहिल तनवीर र अमरसिंह रौटेलाले एक/एक विकेट लिए। यसअघि त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला, कीर्तिपुरमा चितवनले टस जितेर ब्याटिङ पहिला ब्याटिङ गरेकामा निर्धारित २० ओभरमा चार विकेटको क्षतिमा १७६ रन बनायो। जसमा ओपनरद्वय डेविड मलान र अर्जुन साँउदले अर्धशतक हिर्काए। मलानले ८० र अर्जुनले ५२ रनको योगदान गरे। यी दुवै ब्याटरबीच ११२ रनको शतकीय साझेदारी समेत भयो।

जनकपुरका अनिल शाह, रूपेश सिंह, माज सदाकत र जान निकोल लोफ्टी-इटनले एक/एक विकेट लिए। आजै अपराह्न ४:०० बजे दोस्रो खेलमा पोखरा एभेन्जर्स र कर्णाली याक्स आमनेसामने हुनेछन्।

यसैबीच जनकपुर बोल्ट्सका ब्याटर अनिल साहले आजको खेलमा अर्धशतक बनाएका छन्। जारी प्रतियोगितामा अर्धशतक प्रहार गर्ने उनी २१औँ खेलाडी हुन्। चितवन राइनोजकाविरूद्ध उनले २८ बलमा तीन छक्का र दुई चौकाको मद्दतमा अर्धशतक पूरा गरेका हुन्। दोस्रो संस्करणको एनपिएलमा हालसम्म २५ अर्धशतक प्रहार भएका छन्।


**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**

**INVITING BIDS FOR REPAIR OF TILING, PLASTERING WORKS OF MEDICAL OFFICER ROOM 3A, 3B, 3C & 3D OF ECHS POLYCLNIC POKHARA**

1. Sealed tender documents/quotations are invited directly from reputed bidders for repair of tiling, plastering works of Medical Officer Room 3A, 3B, 3C & 3D of ECHS Polyclinic Pokhara (Nepal).
2. The last day of receipt of offer in sealed envelope is on or before 23 Dec 2025 at 1700 hrs. The notice is also available on website www.indembkath.gov.in and www.eprocure.gov.in The bid documents can be collected from Embassy of India, Pension paying Office, ECHS Polyclinic Pokhara (Nepal) Tele No. 061-433232.
3. The bidder may visit the above site before submitting the bid
4. Overall lowest bidder will be selected incase multiple vend-ers/firma quote the same rate/price quoted by the Bidder as per the Price Format.

**Officer in Charge**
**ECHS Polyclinic**
**Embassy of India,**
**Pension Paying Office**
**Pokhara (Nepal)**
**Phone: 061-433232**



**बिजुलीको सुरक्षित प्रयोग गरौं।**

◆ भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
◆ बालबालिकाले भेट्ने गरी विजुलीका तार तथा सकेट नराखौं,
◆ पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
◆ ओभरलोड हुने गरी विजुलीको प्रयोग नगरौं,
◆ आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
◆ जाडो मौसममा हिटर बाल्दा कोठीमा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
◆ रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

सावधानी अपनाऔं, सुरक्षित रहौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी


डा. विनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि


डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि


डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

धर्मको अभावमा मानिस अन्धो हुन्छ ।

– महाकवि लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# विदेशमा रहेका नेपालीको मताधिकार

राष्ट्रिय तथ्यांक कार्यालयको तथ्यांक अनुसार २२ लाख विदेशमा नेपाली छन् । त्यो मुलुकभित्र भएका मतदाताको २० प्रतिशत हो । त्यतिका धेरै मतदाताले चाहिँ मत हाल्न पाइरहेका छैनन् । अर्थात् उनीहरू विदेशी मुद्रा पठाउँछन्, देशले उनीहरूलाई मतपत्र भने पठाउँदैन । देश धान्न उनीहरू योगदान गर्छन् तर भविष्य निर्धारण गर्ने मामलामा निर्णायक भूमिका अर्थात् मताधिकार पाउँदैनन् । यो सरासर अन्यायपूर्ण छ । २२ लाख नेपाली देशबाहिर छन् भन्ने सरकारी तथ्यांक छ । तर, संख्या त्योभन्दा धेरै हुन सक्छ । विदेशमा पसिना बनाएर उनीहरूले देशलाई रेमिट्यान्स पठाइरहेका छन्, जसले अर्थतन्त्रलाई बलियो टेको दिएको छ ।

नेपालको संविधानले १८ वर्ष पूरा गरेका सबै नेपाली नागरिकलाई मतदान गर्ने अधिकार दिएको छ । तर आज पनि धेरै नेपालीहरू काम, अध्ययन वा बसोबासका लागि विदेशमा छन्, र उनीहरूका लागि यो अधिकार प्रयोग गर्न कठिन हुन्छ । विदेशमा रहेका नेपालीहरूले पनि राष्ट्र निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले उनीहरूको मत बराबर महत्त्वपूर्ण छ। देशको नीति, नेतृत्व र भविष्य निर्धारण गर्ने प्रक्रियामा सबै नागरिकको सहभागिता आवश्यक हुन्छ ।

नेपाल सरकारले बाहिर रहेका नेपालीहरूलाई मतदान गर्न सक्ने वातावरण बनाउन पहल गर्दै आएको छ । विभिन्न देशमा रहेका नेपालीहरूको दर्ता, दूतावासमार्फत भोट हाल्ने व्यवस्था, वा अनलाइन प्रणाली जस्ता विकल्पहरूबारे अध्ययन भइरहेको छ । यस्ता प्रणाली सफल भए विदेशमा बसेका लाखौँ नेपालीले सजिलै आफ्नो मताधिकार प्रयोग गर्न पाउनेछन् । विदेशमा रहेर पनि नेपालको विकास, लोकतन्त्र र शान्ति प्रक्रियामा योगदान पुऱ्याउन चाहने नेपालीहरूको आवाज प्रतिनिधित्व हुनु आवश्यक छ। त्यसैले विदेशमा रहेका नेपालीको मतदान अधिकार सुनिश्चित गर्नु राष्ट्रका लागि महत्वपूर्ण कदम मानिन्छ ।

सर्वोच्च अदालतले ८ वर्षअघि नै विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिन परमादेश जारी गरेको थियो । त्यो अझै कार्यान्वयन भएको छैन । हालै नीति अनुसन्धान प्रतिष्ठानले पनि विदेशका नेपालीलाई मताधिकार दिन सकिने सुझाएको छ । अप्ठ्यारो के भने विदेशका नेपालीको तथ्यांक रुजु गर्न कठिन छ । तर, सुझाइएअनुसार इन्टरनेट प्रविधिमा आधारित भएर मताधिकार दिन सकिन्छ । भौतिक रूपमै विदेशमा मतदान केन्द्र राख्न त सम्भव र सजिलो छैन । सूचना प्रविधिको युगमा पुरानो शैलीको मतपेटिका बोकेर दूतावास धाउनुपर्दैन ।

झन् २०७९ सालको निर्वाचनमा विदेशमा रहेका मतदाता निर्णायकजस्तै बने । मतदान नै गर्न नपाए पनि उनीहरूले चलाएको अभियानका आधारमा स्थानीय तहमा थुप्रै स्वतन्त्र उम्मेदवारले जिते। त्यसैले फेरि पनि अघिल्लो चुनावबाट ठूला भएका दलहरू अझै डराइरहेका छन् जस्तो देखिन्छ । यदि, सही राजनीति गर्ने हो भने, राजनीतिमा सेवाभाव थप्ने हो भने, नेताहरूले विगतदेखि दिने विकासका सपना साकार पार्ने हो भने पक्कै यी दल र तिनका नेताले यस्तो अवस्थाको सामना गर्नुपर्ने थिएन कि ?

भौतिक रूपमा मतदानको व्यवस्था गर्न पक्कै खर्चिलो पनि हुन्छ । तर, प्रविधिले त्यसलाई सजिलो र सस्तो बनाइरहेको छ । मात्र भरोसायोग्य प्रविधिको सुनिश्चितता भने चाहिन्छ । लोकतन्त्रलाई बलियो बनाउने हो भने कसैलाई पनि मतदानको अधिकारबाट वञ्चित गराउनुहुँदैन । विदेशमा भएका नेपालीको नोट चल्ने तर भोट नचल्ने अवस्था अन्त्य गरिनुपर्छ । कानुनमा जेजस्तो संशोधनको खाँचो छ, त्यसका लागि पनि दलहरूसँग सरकारले सहमति गर्न सक्नुपर्छ ।

पाकिस्तानजस्तो लोकतन्त्र कमजोर भएको मुलुकले समेत विदेशमा भएका नागरिकलाई मताधिकार दिइसकेको छ । अरू पनि दर्जनौं दर्जन मुलुक छन्, जसले विदेशमा रहेका आफ्ना नागरिकलाई मताधिकार दिन्छन् । हामीकहाँ भने राजनीतिक दलहरू नै त्यसका लागि इच्छुक देखिँदैनन् । फागुन २१ कै निर्वाचनका लागि पनि विदेशका नेपालीलाई मतदानको अधिकार दिन समय अभाव हुँदैन भन्ने विज्ञहरूले नै बताइसकेका छन् । प्रतिष्ठानले पनि त्यसका लागि विस्तृत कार्ययोजना नै तयार पारेको छ । सरकारसँग इच्छाशक्तिको अभाव मात्र हो। समग्रमा, राजनीतिक सहमति नै अहिलेको खाँचो हो कि विदेशमा बस्ने नेपालीलाई मताधिकार दिने बाटो हो । दलहरूले आफ्नो स्वार्थ भुलेर राष्ट्रिय हितलाई प्राथमिकता दिए भने त्यो सम्भव हुन सक्छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बड्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बेनी-जोमसोम-कोरला सडक: म्याग्दी खण्ड स्तरोन्नति

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ मंसिर

बेनी-जोमसोम-कोरला सडकअन्तर्गत म्याग्दी खण्डमा १९ वर्षपछि कालोपत्र भएको छ । बेनीदेखि मुस्ताङको सिमाना काभ्रेभिरसम्म ३३ किलोमिटरमध्ये २६ किलोमिटरमा कालोपत्र भएको हो । उक्त सडक आयोजनाका इन्जिनियर विष्णु चापागाईंका अनुसार सडकलाई ११ मिटर चौडा बनाएर कालोपत्र र ढलान गरिएको छ । नागढुङ्गा-कैकुखोला खण्डको १६.५ किलोमिटरमध्ये ११ किलोमिटर रु ६३ करोडमा कालोपत्र र ढलान भएको छ । राहुघाट-नागढुङ्गा खण्डको १९ किलोमिटरमध्ये १५ किलोमिटर रु ६६ करोडमा काम सम्पन्न भएको छ ।

त्यसैगरी, राहुघाट, बेगखोला, महभिर र पोखरेबगर स्थित कालीगण्डकी, दानाको घट्टेखोलामा मोटरेबल पुल निर्माण, भुरुङ्गखोला र रुप्सेखोलामा बेलिब्रिज जडान भएका छन् ।

# सांसदले भत्काए मापदण्डभन्दा कम चौडाइको कल्भर्ट पर्खाल

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ मंसिर

म्याग्दीको बेनी नगरपालिका-९ काउलेगौडामा मापदण्डभन्दा बाहिर गएर बनाएको कल्भर्ट पर्खाल भत्काइएको छ । मापदण्डभन्दा कम चौडाइ भएको कल्भर्टको पर्खाल आज अनुगमन टोलीले भत्काएको हो । पूर्वाधार विकास कार्यालय म्याग्दीमार्फत सञ्चालित गलेश्वर-पुलाश्रम-जगन्नाथ सडक योजनाको काउलेगौडास्थित खोल्सामा निर्माणाधीनकल्भर्टकोपर्खालको चौडाइ ६० सेन्टिमिटर हुनुपर्नेमा ४९ सेन्टिमिटर बनाएको भेटिएपछि भत्काएको अनुगमन टोलीले जनाएको छ । गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारी, जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख डिलकुमारी खत्री, पूर्वाधार विकास कार्यालयका प्रमुख डा महेन्द्र बानियाँसहितको टोलीले मापदण्डभन्दा कम चौडाइको पर्खाल भत्काएर नयाँ बनाउन निर्देशन दिएको हो ।

"मापदण्डभन्दा कम चौडाइको पर्खाल भत्काउन पूर्वाधार विकास कार्यालयका प्राविधिकले दिएको निर्देशन मजदुरले नमानेपछि म आफैँ भत्काउन सुरु गर्नुपरेको थियो", गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले भन्नुभयो, "सडकको पर्खालमा गुणस्तरीय मसला (सिमेन्ट र बालुवाको अनुपात मिलाएर) प्रयोग गर्न र 'फिनिसिङ' राम्रो बनाउन निर्देशन दिएका छौं ।"

बेनी नगरपालिकामा रहेका तीन वटा धार्मिकस्थल गलेश्वर, पुलाश्रम (पछै) र जगन्नाथ जोड्ने गण्डकी प्रदेश सरकारले सञ्चालन गरेको उक्त योजना निर्माणका लागि बिबिपीएल बिएस डिएस धौलागिरिले गत असार महिनामा रु दुई करोड २३ लाख ४६ हजारमा ठेक्का सम्झौता गरेको थियो । हालसम्म ५० प्रतिशत भौतिक प्रगति भएको योजनामार्फत ३०० मिटर ढलान र एक हजार ७०० मिटर ग्राभेलसहित स्तरोन्नति गर्ने लक्ष्य रहेको पूर्वाधार विकास कार्यालय, म्याग्दीका प्रमुख डा बानियाँले बताउनुभयो ।

टोलीले बेनी-पाखापानी सडकअन्तर्गत बेनी नगरपालिका-९ को किराखोरदेखि नेप्टेचौर हुँदै तोरीपानी जोड्ने चार किलोमिटर सडक स्तरोन्नति योजनाको पनि अनुगमन गरेको छ । किराखोर-नेप्टेचौर खण्डमा भइरहेको प्रिमिक्स कालोपत्र गर्ने कामको अनुगमन गरेको टोलीले उक्त योजनामा सन्तोषजनक काम भएको जनाएको छ । आगामी असार महिनासम्म ठेक्काको म्याद रहेको उक्त योजनाको ६९ प्रतिशत भौतिक प्रगति भएको कार्यालय प्रमुख बानियाँले बताउनुभयो । निर्धारित समयभित्रनै योजना निर्माण सम्पन्न गर्ने लक्ष्यसहित मजदुर र उपकरण परिचालन गरेको निर्माण कम्पनीका प्रतिनिधि सुवासचन्द्र कार्कीले बताउनुभयो ।

# एउटै वडाबाट एक करोडभन्दा बढीको सुन्तला बिक्री

**पोखरापत्र संवाददाता**
तनहुँ, १६ मंसिर

जिल्लाको व्यास नगरपालिका-१४ स्थित केशवटारबाट यस वर्ष रु एक करोडभन्दा बढीको सुन्तला बिक्री भएको छ ।

उक्त वडामा रहेका सात वटा गाउँबाट उत्पादित रु एक करोड १३ लाख मूल्यको सुन्तला बिक्री भएको हो । स्थानीय कृषक चप्पले थापाले आफूले रु १४ लाख बढीको सुन्तला बिक्री गरेको बताउनुभयो । सुन्तला उत्पादनबाट राम्रो आम्दानी हुन थालेपछि यहाँका अधिकांश कृषक व्यावसायिक फलफूल र तरकारीखेतीतर्फ आकर्षित भएका उहाँले बताउनुभयो । सबैभन्दा धेरै ठिन गाउँबाट रु ५० लाखको सुन्तला बिक्री भएको वडाध्यक्ष काजीमान श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार कुलुङबाट रु २६ लाख ३१ हजार, मरौटेबाट रु नौ लाख, नयाँ गाउँबाट रु आठ लाख, हर्कपुरबाट रु छ लाख, केशवटार र रुम्सीबाट रु एक/एक लाखको सुन्तला बिक्री भएको छ । वडाध्यक्ष श्रेष्ठले कृषकलाई फलफूल र तरकारीतर्फ व्यावसायिक बनाउन बिरुवा, बीउबिजन र कृषि सामग्रीमा अनुदान कार्यक्रमलाई प्रोत्साहन गरिँदै आएको बताउनुभयो । उहाँले भन्नुभयो, "वडा कार्यालयबाट ५० प्रतिशत अनुदानमा आठ हजार सुन्तलाका बिरुवा वितरण गरेका थियौँ । ती बोटले पनि फल दिन सुरु गरेका छन्, आउँदो वर्षदेखि अझै उत्पादन बढ्नेछ ।" यहाँका २०० बढी किसान व्यावसायिक रूपमा फलफूल र तरकारीखेतीमा लागेका छन् । कृषक लुकबहादुर थापाले रु साढे चार लाख र नेत्र थापा रु चार लाखको सुन्तला बिक्री गरेको बताउनुभएको छ ।

# वालिङ मालपोतद्वारा करोड माथिको राजस्व संकलन

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १६ मंसिर

स्याङ्जाको वालिङस्थित मालपोत कार्यालयले करोड भन्दा माथिको राजश्व संकलन गरेको छ । चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो चौमासिक (साउन-कात्तिक) महिनामा एक करोड ३४ लाख ७१ हजार ८०९ रुपैयाँ राजस्व संकलन गरेको छ ।

कार्यालयले साउन महिनामा सबै भन्दा बढि ३८ लाख ६८ हजार ४ रुपैयाँ राजस्व संकलन गरेको थियो भने भदौमा ३२ लाख ३६ हजार ३८० रुपैयाँ राजस्व संकलन गरेको थियो । असोज महिनामा ३५ लाख ३८ हजार ६८५ रुपैयाँ राजस्व संकलन गरेको कार्यालयले अन्य महिनाको तुलनामा सबै भन्दा कम कार्तिकमा २८ लाख २८ हजार ७४० रुपैयाँ राजस्व संकलन गरेको हो । चालु आर्थिक वर्षको पहिलो महिना साउनमा ६३ रजिष्ट्रेशन पासवापत १४ लाख ७२ हजार ९६४ रुपैयाँ, पुँजीगत लाभकरबाट १३ लाख ७९ हजार ९४० रुपैयाँ र दृष्टि बन्धक शुल्कवापत ७ लाख १३ हजार सहित ३८ लाख ६८ हजार ४ रुपैयाँ राजस्व संकलन गर्न सफल भएको कार्यालयले जनाएको छ ।

त्यस्तै भदौ महिनामा ५९ रजिष्ट्रेशनबाट १६ लाख ६८ हजार ८२०, दृष्टि बन्धकबाट ७ लाख ४९ हजार र पुँजीगत लाभकरबाट ६ लाख ५१ हजार ३६५ रुपैयाँ सहित ३२ लाख ३६ हजार ३८० रुपैयाँ राजस्व संकलन गरेको कार्यालयले असोजमा ७४ रजिष्ट्रेशन पासबाट २१ लाख २६ हजार ६२५, पुँजीगत लाभकरबाट ८ लाख १६ हजार ६६० र दृष्टि बन्धकबाट ४ लाख ५८ हजार गरी ३५ लाख ३८ हजार ६५८ रुपैँया राजस्व संकलन गरेको हो ।

पहिलो चौमासिकको अन्तिम महिना अर्थात कार्तिकमा ७९ रजिष्ट्रेशन पास शिर्षकमा १६ लाख ६० हजार ५३० रुपैयाँ राजश्व संलकन गरेको कार्यालयले दृष्टि बन्धक शुल्कबाट ५ लाख २४ हजार र पुँजीगत लाभकरतर्फ ५ लाख १७ हजार ६ सय रुपैयाँ समेत गरी २८ लाख २८ हजार ७४० रुपैयाँ राजश्व संकलन गरेको जनाएको छ ।

कार्यालयले रजिष्ट्रेशन पासशुल्क, दृष्टि बन्धक वापत, पुँजीगत लाभकर शिर्षक, नामसारी, संशोधन, दाखिला खारेजी, ठाडो रोक्का, प्रतिलिपि, इच्छापत्र दस्तुर, घरबाटो कायम, कित्ता एकीकरण जस्ता शिर्षकमा मालपोत कर लिने गरेको छ । घनाबस्ति रहेको जिल्लाको दक्षिण क्षेत्रमा जग्गाको बढि कारोबार हुने भएपछि जिल्ला मुकामको मालपोत कार्यालयको तुलनामा मालपोत वालिङले बढि राजश्व संकलन गर्छ ।

मालपोत कार्यालय वालिङले जिल्लाका ११ पालिकामध्ये वालिङ, चापाकोट, गल्याङ नगरपालिका र कालिगण्डकी गाउँपालिकाका सबै वडाका नागरिकमा सेवा प्रवाह गर्दै आएको छ भने भीरकोट नगरपालिका, हरिनास र बिरुवा गाउँपालिका केहि वडामात्रै कार्यक्षेत्र हो ।

# पोखरा लनर्स एकेडेमीको १९ औं वार्षिक खेलकुद प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, १६ मंसिर




पोखरा लनर्स एकेडेमीको १९ औं वार्षिक खेलकुद कार्यक्रम सुरु भएको छ । पोखरा ७ माछापुच्छ्रे मार्गस्थित स्कुलको आफ्नै भवन तथा खेलमैदानमा १९ औं खेलकुद सप्ताह सुरु भएको हो ।

पोखरा महानगरपालिकाका वरिष्ठ शिक्षा अधिकृत कृष्णप्रसाद भण्डारीले विद्यार्थीहरुले तयार गरेको बेलुन उडाउँदै खेल सप्ताह सुरु भएको घोषणा गरेका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ईश्वर बन्धु गौतमको अध्यक्षतामा भएको उद्घाटन सभामा प्रमुख अतिथि भण्डारीले विद्यार्थीको चौतर्फी विकासको लागि खेल अपरिहार्य हुने बताए । सहभागी विद्यार्थीलाई आकर्षक खेल खेल्न आग्रह गर्दै पुरस्कार जित्नु भन्दापनि अनुशासन सिक्नु ठूलो उपलब्धी हुने बताए ।

शिक्षक कृष्ण लम्सालले सञ्चालन गरेको सभामा गण्डकी विश्वविद्यालय उपप्राध्यापक आशिष आचार्य, सलुट गोर्खा प्रालिका अध्यक्ष राहुल पाण्डे, विद्यालयका संस्थापक प्राचार्य विधान गौतम लगायतले विभिन्न धारणा राखेका थिए । कार्यक्रमा सहप्राचार्य उष्णा गौतमले विद्यार्थीको गहना भनेको खेलकुद भएकाले सधै नियममा रहन आग्रह गरेकी थिइन् । शैक्षिक विभाग प्रमुख आदर्श घिमिरेले विद्यार्थीलाई भाग लिएको खेलमा निरन्तरता दिन आग्रह गरेका थिए । शिक्षक सरस्वती पोख्रेलले स्वागत गर्दै जीवन परिवर्तनको लागि खेलले पहिचान बढाउने बताएकी थिइन् ।

विद्यार्थीहरुले तेक्वान्दोको काँता प्रदर्शन, नृत्य प्रदर्शन, बेलुन फुटाई लगायत अन्य खेलहरु खेलेका थिए । विभिन्न समुहमा विभाजन गरि खेलकुद प्रतियोगिता सुरु भएको छ ।

# वडास्तरबाटै आयोजना सम्झौता भएपछि समय र खर्चको बचत

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ मंसिर

भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित म्याग्दीको धवलागिरि गाउँपालिकाले वडामस्तरबाटे आयोजना सम्झौता गर्न थालेपछि उपभोक्ता समितिका पदाधिकारी र सदस्यको झन्झट हट्नुका साथै समय र खर्चको बचत भएको छ ।

घुम्ती शिविर आयोजना गरेर गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीले वडा कार्यालयमा पुगेर उपभोक्ता समितिसँग आयोजना सम्झौता गर्न थालेका हुन् । धवलागिरि-४ मुदीमा सोमबार भएको घुम्ती शिविरमा १३ वटा उपभोक्ता समितिसँग आयोजना सम्झौता भएको गाउँपालिका कार्यालयले जनाएको छ । गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले दुर्गम गाउँबस्तीका बासिन्दालाई सिंहदरबार गाउँमा आएको महसुस गराउन वडामै पुगेर आयोजना सम्झौता गरिएको बताउनुभयो । "गाउँपालिकामा पुगेका उपभोक्ता समितिका पदाधिकारीहरू वडाको सिफारिसमा कुनै त्रुटि भए सच्याउन र अपुग कागजातका लागि पुनःवडामा फर्कनुपर्दा दुःख हुने भएकाले हामी आयोजना सम्झौताका लागि घुम्ती शिविर लिएर वडा कार्यालयमा पुगेका छौँ", उहाँले भन्नुभयो, "यसरी वडामै सम्झौता गर्दा उपभोक्तालाई झन्झट हटेको छ ।" चालु आवका लागि बजेट विनियोजन भएका आयोजनाको प्राविधिक टोलीले सर्वेक्षण, लागत अनुमान र नक्सा तयार पारेर उपभोक्ता समिति गठन गरेपछि घुम्ती शिविरमार्फत सम्झौताको व्यवस्था मिलाइएको धवलागिरि-४ का वडाध्यक्ष यामबहादुर घर्तीले बताउनुभयो । मुदीमा चावका १६ मध्ये १३ वटाको समिति गठन र सम्झौता गरी कार्यान्वयन प्रक्रिया थालिएको उहाँले जानकारी दिनुभयो । जना सम्झौताका लागि प्रमुख प्रशासकीय अधिकृत, योजना अधिकृत, प्रशासन र प्राविधिक शाखाका प्रमुखसहितको टोली वडामा पुगेको छ । चालु आवमा उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने आयोजनाको यही मङ्सिरभित्र सम्झौता गरी चैतसम्म अन्तिम किस्ता भुक्तानी गर्ने लक्ष्य राखिएको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले बउल्लेख गर्नुभयो । गाउँपालिकाले स्थानीय कार्यालयमा पुगेर आयोजना सम्झौता गर्न अपायकपर्ने मुदीका साथै मुनासहित ताकम, मराङ र मल्कवाङमा पनि घुम्ती शिविर आयोजना गर्ने तयारी गरेको उहाँले बताउनुभयो । उहाँका अनुसार रु १० लाखभन्दा बढी बजेटका आयोजना ठेक्कामार्फत र रु १० लाखभन्दा कम बजेटका आयोजना उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिने छ । धवलागिरि गाउँपालिकाले चालु आवमा करिब १५० वटा आयोजना छनोट गरेको छ । सातवटै वडा कार्यालयमा खटिएका प्राविधिकले आयोजनाको सर्वेक्षण, लागत अनुमान र डिजाइन तयार पारेपछि जनप्रतिनिधिले उपभोक्ता समिति गठन गरेर सम्झौताको तयारी गरेका छन् । वडा कार्यालयमै आयोजना सम्झौता भएपछि गाउँपालिका जान र आउन हुने समय तथा खर्चको बचत हुनुका साथै अन्य झन्झट हटेको धवलागिरि-४ को बगर-जेल्तुङ खानेपानी मर्मत आयोजनाको उपभोक्ता समितिका अध्यक्ष यमप्रसाद घर्तीले बताउनुभयो ।

# ३४औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस र बालबालिकाहरुको सामाजिक समावेशिकरण

कृष्ण लामिछाने / रुद्र सन्देश मगर

१२औं राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार नेपालमा ६,४७,७४४ जना अपाङ्गता भएका व्यक्तिहरू छन् । जसले नेपालको कुल जनसंख्याको २.२% हिस्सा ओगटेको छ । राष्ट्रिय तथ्यांक कार्यालयको तथ्याङ्कका अनुसार शारीरिक अपाङ्गता ३६.७५%, न्युन दृष्टि १६.८८%, दृष्टिविहीन ५.३७%, बहिरा ७.८ शुस्त श्रवण ७.८७%, श्रवण-दृष्टि बिहीन १.५६%, स्वर बोलाई ६.३६%, मनोसामाजिक अपाङ्गता १.७३%, हेमोफिलिया ०.७५%, बहु अपाङ्गता ८.७८% र अन्य पहिचान नखुलेका १.०७% रहेका छन् ।

स्रोत कक्षा भन्नाले सामान्यतया अपाङ्गता भएका बालबालिकाका लागि ब्यवस्था गरिएको विशेष शिक्षाको कक्षा वा सहयोग कक्षालाई जनाउँछ । अपाङ्गता भएका बालबालिकाहरुका लागि स्रोत कक्षाको अवधारणा पहिलो पटक आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (१९९२-१९९९) अन्तर्गत २३ जिल्लाबाट सुरु गरिएको हो । यसको उद्देश्य अपाङ्गता भएका बालबालिकालाई मुख्य धारको विद्यालयमा समावेश गर्न सहयोग गर्नु थियो । नेपालमा अपाङ्गता भएका बालबालिकाका लागि तीन प्रकारका स्रोत कक्षाहरु रहेकाछन । जस्तैः दृष्टिविहीन तथा न्युन दृष्टि भएका बालबालिकाका लागि, बहिरा तथा शुस्त श्रवण समस्या भएका बालबालिकाका लागि र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि आदि ।

स्रोत कक्षा प्रणालीमा, स्रोत शिक्षक (विशेष/प्रशिक्षित शिक्षक) द्वारा अपाङ्गता भएका बालबालिकालाई अध्यापन तथा सहयोग गर्ने गरिन्छ । यो कार्यक्रम सञ्चालन गर्नु पुर्व स्रोत शिक्षकलाई विशेष आवश्यकता भएका बालबालिकाहरुलाई कसरी अध्यापन गर्ने भन्ने संबन्धमा एक महिना अवधिको तालिम प्रदान गर्ने गरिन्छ । यस सन्दर्भमा गरिएको अध्ययनको तथ्याङ्क अनुसार ३५ जिल्लामा २०० भन्दा बढी स्रोत कक्षाहरू रहेका थिए, जसले कुल अपाङ्गता भएका बालबालिकाहरु मध्ये केबल १०% लाई मात्र सेवा पुर्‍याएको पाईन्छ । कास्की र स्याङ्जा जिल्लाका स्रोत कक्षाहरूमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरूको सामाजिक समावेशिकरणको अवस्थाका सन्दर्भमा गतबर्ष गरिएको अध्ययनबाट प्राप्त तथ्य तथा जानकारीहरुलाई यहाँ उल्लेख गरिएको छ ।

कास्की र स्याङ्जा जिल्लाका श्रोत कक्षाहरु सञ्चालन गरिएका ९ वटा सामुदायिक बिद्यालयहरुका विभिन्न कक्षाहरुमा अध्ययनरत अपाङ्गता भएका बालबालिकाहरुको सामाजिक समावेशीकरणको अवस्थाका बारेमा जानकारी लिनका लागि संबन्धित स्रोत कक्षाहरूको अध्ययन तथा अवलोकन र संबन्धित सरोकारवालाहरुसँग निश्चित उद्धेश्य सहित अन्तरवार्ता तथा छलफल गरिएको थियो ।

यस अध्ययनले विद्यालय तथा स्रोत कक्षाहरूको अवस्थाको बारेमा प्रमाण तथा प्राथमिक तथ्यांकहरू संकलन, प्रत्यक्ष अवलोकन तथा प्रधानाध्यापक, स्रोत शिक्षक, अपाङ्गता भएका विद्यार्थी तथा अभिभावकहरूसँग गरेको अन्तरवार्ता, अन्तरक्रिया र छलफल मार्फत प्राप्त जानकारीहरुलाई सर्वसाधारण सामु ल्याउने प्रयत्न गरेको छ ।

कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १०, १२, २६ र ३३ मा अवस्थित सामान्य बालबालिकाहरु र अपाङ्गता भएका बालबालिकाहरु सँगसँगै अध्ययन गर्ने विभिन्न बिद्यालयका प्रधानाध्यापक तथा श्रोत शिक्षकहरुका अनुसार उक्त स्रोत कक्षाहरु दृष्टिविहीन, न्युन दृष्टि, बौद्धिक अपाङ्गता र बहिरा तथा शुस्त श्रवणको समस्या भएका छात्र-छात्राका लागि संचालित छन । यी बिद्यालयका श्रोत कक्षाहरुमा १३५ जना छात्र र ८७ जना छात्रा गरी जम्मा २२२ जना अपाङ्गता भएका बालबालिकाहरु अध्ययनरत छन । स्याङ्जा जिल्लाका विभिन्न पालिकाहरुमा अवस्थित सामान्य बालबालिकाहरु र अपाङ्गता भएका बालबालिकाहरु सँगसँगै अध्ययन गर्ने विभिन्न बिद्यालयका प्रधानाध्यापक तथा श्रोत शिक्षकहरुका अनुसार उक्त स्रोत कक्षाहरु दृष्टिविहीन, न्युन दृष्टि, बौद्धिक अपाङ्गता र बहिरा तथा शुस्त श्रवणको समस्या भएका छात्र-छात्राका लागि संचालित छन । यी बिद्यालयहरुको श्रोत कक्षाहरुमा २९ जना छात्र र २३ जना छात्रा गरी जम्मा ५२ जना अपाङ्गता भएका बालबालिकाहरु अध्ययनरत छन ।

यसरी विभिन्न श्रोत कक्षाहरुमा आवाशिय रुपमा अध्ययनरत अपाङ्गता भएका बालबालिकाहरुका लागि नेपाल सरकारले प्रति विद्यार्थी मासिक रुपमा रु ४,००० (अक्षरुपी चार हजार रुपैंया मात्र) बार्षिक रुपमा (१० महिनाका लागि) सहयोग प्रदान गर्दछ । कहिलेकाहीँ विभिन्न संघ संस्था तथा अन्य व्यक्तिहरुले ससाना सहयोगहरू प्रदान गर्दछन ।

सारांशमा भन्नु पर्दा अपाङ्गता भएका बालबालिकाहरु पढने श्रोत कक्षाहरु सञ्चालन भएका स्याङ्जा र कास्की जिल्लाका ९ वटा बिद्यालयहरुको अवलोकन तथा सरोकारवालाहरुसँग गरिएको अन्तरक्रियाका क्रममा अपाङ्गता भएका बिद्यार्थीहरुको सामाजिक समावेशिकरणको अवस्था सन्तोषजनक नरहेको देखिन्छ । अधिकांश श्रोत कक्षा रहेका बिद्यालयहरुमा अपाङ्गता भएका बालबालिकाहरु आवाश गृहमा बस्ने भएता पनि अपाङ्गता भएका बिद्यार्थीहरु अध्ययनका क्रममा अन्य साङ्ग बिद्यार्थीहरुसँग बसेर अध्ययन गर्ने गरेको पाईएको छैन । केही श्रोत कक्षाहरुमा अपाङ्गता भएका बिद्यार्थीहरुको अधिक चापका कारण र आवाश गृहमा स्थान अभावका कारण आवाशको सुविधाबाट बन्चित रहेको पाईएको छ । श्रोत शिक्षकहरुको उपलब्धता र आवश्यक सुविधा आफ्नै स्थानीय सामुदायिक बिद्यालयहरुमा उपलब्ध भएको अवस्थामा अधिकांश अभिभावकहरु आफ्नै घर वरपरका श्रोत कक्षाहरुमा आफना बालबालिकाहरु पढाउन ईच्छुक रहेको पाईएको छ । कतिपय श्रोत कक्षाहरुमा बिद्यार्थी संख्या अति न्युन रहेको पाईएको छ, जसको कारणले श्रोत शिक्षकहरुलाई आफनो शैक्षिक पाठ्यभार सन्तुलन मिलाउन गाह्रो भएको देखिन्छ । सांकेतिक भाषामा शब्दावलीहरुको सिमितताका कारण बहिरा तथा शुस्त श्रवण भएका बिद्यार्थीहरुलाई अध्यापन गराउँदा प्रभावकारी शिक्षण हुन नसकेको पाईएको छ । बौद्धिक अपाङ्गता भएका बिद्यार्थीहरु अध्ययन गर्ने श्रोत कक्षा रहेका बिद्यालयहरुमा सामान्य बिद्यार्थीहरुसँगै बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई राखेर एउटै कक्षामा अध्यापन गरेको पाईएन । लामो बिदाको अवधिमा कतिपय श्रोत कक्षाका बिद्यार्थीहरुलाई घरबाट आफना अभिभावकहरु लिन नआउँदा श्रोत शिक्षकहरुलाई ब्यवस्थापनमा समस्या भएको पाईएको छ । केही श्रोत कक्षाका आवाश गृहका भान्सा कोठाहरु साँगुरो रहेको पाईएको छ । साथै केही आवाश गृहहरुमा कोठाको अभावका कारण छात्र छात्रालाई एउटै कोठामा सुत्ने ब्यवस्था गर्नु पर्ने बाध्यता रहेको पाईएको छ ।

यस अध्ययन तथा माथि उल्लेखित समस्याहरुलाई केलाउँदा आगामी दिनहरुमा नेपाल सरकार, शिक्षा मन्त्रालय र सामुदायक बिद्यालयका ब्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षक, शिक्षिका, अभिभावक र संबन्धित बिद्यार्थीहरुले यसरी अपाङ्गता भएका बालबालिकाहरुलाई आफनो घर, परिवार, समुदाय, धर्म, संस्कृति, परम्परा, चाडपर्व आदिबाट बन्चित गराई एउटा निश्चित आवाश गृहमा राखेर अध्ययन अध्यापन गराउनु त्यति उपर्युक्त र ब्यावहारिक हुंदैन । विभिन्न प्रकारले अपाङ्गता भएका बालबालिकाहरुले आफनै घर, परिवार र समुदायमै बसेर आफनो नजिकको सामान्य बिद्यालयहरुमा अध्ययन गर्न पाउनु उनीहरुको मौलिक तथा शैक्षिक अधिकार हो । तसर्थ, नेपाल सरकारले आगामी दिनहरुमा आवाशिय शिक्षाको सट्टा निसंस्थाकरण अथवा गैर आवाशिय शिक्षा प्रणाली अपनाउनु जरुरी देखिएको छ ।

# स्याङ्जाको कफी जापानदेखि अमेरिकासम्म निर्यात

पोखरापत्र संवाददाता
गण्डकी, १६ मंसिर

नेपालमा कृषि पेशाबाट राम्रो आम्दानी गर्नु त परको कुरा, जिविकोपार्जन समेत चल्दैन् । कृषिजन्य उत्पादन बढाउन वर्षेनी समयमै मल नपाईने ।

समयमै मल पाईयो उत्पादन राम्रो छ, भित्र्याउने बेला बाँदर आतंक र प्राकृतिक विपत्ती । कदमकदाचित उत्पादन भए बजार अभाव । पछिल्लो समय कृषि क्षेत्रमा देखिएका यी र यस्तै समस्याहरु बढ्दै जादा चुनौती थपिदै गएका छन् । यावत् समस्या र चुनौतिकाबीच स्याङ्जामा उत्पादित कफी जापान, कोरिया र अमेरिका निर्यात हुँदै आएको छ । जिल्लामा उत्पादित कफी स्वादिष्ट र गुणस्तर भएपछि बिदेश निर्यात हुँदै आएको हो । विगतका वर्षहरुमा जापान, कोरिया र अमेरिका निर्यात हुँदै आएको स्याङ्जाली कफीको पछिल्लो समय अष्ट्रेलियामा समेत माग गरिएको छ । लामो समयदेखि कफी निर्यात व्यवसाय गर्दै आएका अगुवा कृषक बोधराज अर्यालले जिल्लामा उत्पादित कफीको ठूलो हिस्सा जापान निर्यात भएको बताए । वार्षिक रुपमा सबै भन्दा बढि ८ टनदेखि १० टनसम्म जापान निर्यात हुँदै आएको छ भने ५ टनदेखि ८ टनसम्म अमेरिका र तीनदेखि ५ टन कोरिया कफी निर्यात हुँदै आएको अर्यालले जनाए । उत्पादन बढाउन सके जापान, अमेरिका र कोरिया थप निर्यात गर्न सकिने बताएका कृषक अर्यालले उत्पादनले थेगेमा र बढाउन सके कम्तीमा दुई टन अष्ट्रेलिया निर्यात गर्न सकिन्छ, स्याङ्जाली कफीको माग बढ्दै गएको सुनाए ।

जिल्लाका चार हजार बढि कृषकले वार्षिक २ लाख किलो फ्रेसचेरी (रातो दाना) कफी उत्पादन गरेका छन् । अघिल्लो वर्ष एक लाख ८० हजार किलो उत्पादन भएको कफी पछिल्लो वर्ष २ लाख किलो पुगेको हो । संकलन १२ र ढुवानी तीन रुपैयाँ सहित प्रतिकिलो १२५ रुपैयाँमा फ्रेसचेरी बिक्रीबाट कृषकले वर्षमा झण्डै दुई करोड २० लाख नगद आम्दानी गर्न सफल भएका छन् । उत्पादन भएको दुई लाख किलो फ्रेसचेरीको झण्डै ४० हजार किलो पार्चमेन्ट (ब्रोक्रा छोडाएको) तयार हुन्छ । पार्चमेन्टमध्ये झण्डै ९० प्रतिशत ग्रिनविन्स (खोस्टा फालेको) अवस्थाको कफी उत्पादन गर्न सकिन्छ । बिक्रीको लागि पूर्ण रुपमा तयार भएको ग्रिनविन्समध्ये ९० प्रतिशत प्रतिस्पर्धात्मक बजारमा खपत र विदेश निर्यात हुँदै आएको छ भने १० प्रतिशत आन्तरिक बजारमा बिक्री वितरण हुँदै आएको जिल्ला कफी व्यवसायी संघ स्याङ्जाले जनाएको छ । उत्पादित कफीको बजार सुनिश्चित र राम्रो मुल्य पाउदै आएका कृषकको कफी खेतीप्रति आकर्षण बढ्दै गएको संघका व्यवस्थापक माया तिवारीले बताईन् । कृषकको आकर्षण बढेसँगै कफी लगाउने जमिनको क्षेत्रफल र उत्पादनमा प्रत्येक वर्ष वृद्धि हुँदै गएको संघसँग तथ्याङ्क छ । कफी लगाउने जमिनको क्षेत्रफल र कृषक बढेपनि माग अनुसारको कफी उत्पादन नभएको उनले बताईन् । जिल्लामा तीन सय रोपनी क्षेत्रफलमा कफी खेती गरिदै आएको संघको तथ्याङ्कमा छ । आर्थिक वर्ष २०८१/०८२ मा दुई सय ८० रोपनी क्षेत्रफलमा एक लाख ८५ हजार किलोग्राम कफी उत्पादन भएको थियो । चालु आर्थिक वर्ष २०८२/०८३ स्याङ्जामा कफी खेती गर्ने क्षेत्रफल बढेर तीन सय रोपनी पुगेको छ भने उत्पादन वृद्धि भई दुई लाख किलोग्राम कफी उत्पादन हुने भएको संघका व्यवस्थापक तिवारीले जानकारी दिईन् ।

३० कृषक बराबर एक समूह बनाएर जिल्ला कफी व्यवसायी संघमा ६० समूह आबद्ध छन् । थोरैमा ६० जना कृषकको सहभागितामा एक सहकारी अर्न्तगत जिल्लामा १२ सहकारीमार्फत वार्षिक रुपमा कफी उत्पादन हुँदै आएको छन् । जिल्लाका ११ पालिकामध्ये हरिनास, चापाकोट र कालीगण्डकीमा संस्थागत रुपमा कफी उत्पादन भएको तथ्याङ्क नभएपनि अन्य पालिकामा भने समूह र सहकारी मार्फत कफी उत्पादन हुँदै आएको छ । स्याङ्जामा २०५५ सालदेखि व्यावसायिक रुपमा कफी खेती गरिदै आएको छ । भिरालो पाखोबारी र वनजंगलभित्र कफी राम्रो उत्पादन हुन्छ । उत्तरतर्फ फर्किएको भूबनोटको जमिनमा रोपण गरेको तीनदेखि चार वर्षबाट उत्पादन लिन सकिने बिरुवाले झण्डै १२ देखि १४ वर्षसम्म उत्पादन दिने गरेको जिल्लाका अगुवा कफी उत्पादक कृषक फणीनारयाण अर्यालले बताए ।

# मुस्ताङमा चिसो बढेसँगै बालबालिकामा निमोनियाको समस्या बढ्यो

पोखरापत्र संवाददाता
मुस्ताङ, १६ मंसिर

हिउँदयामको अत्यधिक चिसो बढेसँगै मुस्ताङका बालबालिका रुघाखोकी, निमोनियालगायत समस्याबाट प्रभावित बनेका छन् । चिसोले यहाँका बालबालिका तथा ज्येष्ठ नागरिकको स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याएको पाइएको छ ।

प्रादेशिक अस्पताल जोमसोममा पछिल्लो समय चिसोका कारण रुघाखोकी, निमोनियालगायत समस्याका बिरामी भर्ना हुने क्रम बढेको अस्पतालले जनाएको छ । हिउँदयाममा चिसोबाट जोगिन विशेष सावधानीका उपाय अपनाउन नसक्दा सबैभन्दा बढी बालबालिका प्रभावित हुने गरेका अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा समीक्षा कँडेलले बताउनुभयो । उहाँका अनुसार अस्पतालमा भर्ना भएर सेवा लिनेमध्ये ८० प्रतिशतभन्दा बढी बालबालिका छन् । अस्पतालबाट चालु आवको साउनमा ७४९, भदौमा ६०९, असोजमा ५७० र कात्तिकमा ४८८ जनाले बहिरङ्ग (ओपिडी) सेवा लिएका छन् । साउनमा १८, भदौमा ३७, असोजमा ३७ र कात्तिकमा ४८ जनाले अस्पताल भर्ना भई स्वास्थ्य सेवा लिएका डा कँडेलले उल्लेख गर्नुभयो । उहाँका अनुसार मङ्सिर १५ गतेसम्ममा २८ जना बिरामीले भर्ना भई सेवा लिइसकेका छन् । पन्ध्र शय्याको प्रादेशिक अस्पतालमा चिसोका कारण बिरामीको सङ्ख्या दिनहुँ वृद्धि भइरहँदा प्रभावकारी उपचारमा समस्या हुनुका साथै शय्या अभाव भएको उहाँको भनाइ छ । बालबालिकामा रुघाखोकी लाग्ने, स्वाशप्रश्वासमा समस्या, स्वाँस्वाँ हुने, छाती घ्यारघ्यार हुने, ज्वरो आउनेलगायत समस्या देखिन थालेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा कँडेलले जानकारी दिनुभयो । अधिकांश रुघाखोकी, ज्वरो, निमोनियालगायत समस्या लिएर आउनेमध्ये ८० प्रतिशत जति १० वर्ष मुनिका बालबालिका रहेका उहाँले उल्लेख गर्नुभयो । रुघाखोकी र निमोनियाका लक्षण देखिएमा तुरुन्तै अस्पताल वा नजिकैको स्वास्थ्य संस्थामा जचाउँनुपर्ने डा कँडलले सुझाव दिनुभयो । चालु आवको साउनदेखि मङ्सिर दोस्रो सातासम्मको तथ्याङ्क अनुसार बिरामी भई अस्पताल भर्ना हुने बालबालिका करिब ७० प्रतिशतले वृद्धि भएको अस्पतालले जनाएको छ । चिसोबाट सुरक्षित रहन दाउरा वा कोइला बाल्दा, गिजर, हिटरलगायत उपकरण प्रयोग गर्दा हावा छिर्ने गरी 'भेन्टिलेसन' खुला गर्नुपर्ने डा कँडेलले जनाउनुभयो । साथै तातोपानी पिउने, झोलिलो र पोषणयुक्त खानपान गर्नेलगायत आवश्यक सावधानी अपनाउनुपर्नेमा डा कँडेलले जोड दिनुभयो ।

यसैबीच, अत्यधिक चिसो बढेसँगै माथिल्लो मुस्ताङका शैक्षिक संस्था जाडो छल्न बैंसी झरिसकेका छन् । यहाँका बालबालिकालाई चिसोबाट जोगाउन सुरक्षित स्थान खोज्दै बैंसी झारिएको जनाइएको छ । यहाँका बारागुङ, घरपझोङ र थासाङ गाउँपालिकाका शैक्षिक संस्था भने सञ्चालनमा छन् ।

# घाँसामा शीतोष्ण बागवानीको एकाइ फार्म स्थापना

पोखरापत्र संवाददाता
मुस्ताङ, १६ मंसिर

यहाँको थासाङ गाउँपालिका-४ घाँसास्थित शीतोष्ण बागवानी विकास केन्द्रको जग्गामा केन्द्रको एकाइ फार्म स्थापना गरिएको छ ।

चौबिस वर्षसम्म नेपाली सेनाले प्रयोग तथा भोगचलन गर्दै आइरहेको सो जग्गा गत असार १३ गते नेपाली सेनाद्वारा बागवानी विकास केन्द्रलाई हस्तान्तरण गरेको थियो । म्याग्दी र मुस्ताङको सिमाक्षेत्र घाँसामा केन्द्रको २० रोपनी जग्गा नेपाली सेनाले २०५८ सालदेखि प्रयोग गरेको थियो । सशस्त्र द्वन्द्वकालीन समयमा नेपाली सेनाको सुरक्षा पोस्ट शीतोष्ण बागवानी विकास केन्द्र मार्फाका नाममा रहेको जग्गामा सुरक्षा प्रयोजनका लागि बसेको थियो ।

गत असारमा नेपाली सेनाले यहाँस्थित सैनिक सुरक्षा पोस्ट जिल्लामा समायोजन गरेको थियो । जग्गा फिर्ता पाएसँगै केन्द्रले एकाइका रूपमा प्रयोग गर्न प्रक्रिया अघि बढाइसकेको केन्द्रका निमित्त कार्यालय प्रमुख नवीन भुसालले जानकारी दिनुभयो ।

यहाँ नर्सरी तथा बगैंचा व्यवस्थापनलगायतका कार्यहरू अघि बढाउन गह्रा सुधार, सिँचाइको व्यवस्थापन तथा आवश्यक पूर्वाधार निर्माणका काम अघि बढाइएको केन्द्रका निमित्त प्रमुख भुसालले बताउनुभयो ।

यहाँ ओखरका कलमी बिरुवा उत्पादन स्विट चेरी, आरु, आरुबखडा, खुर्पानी, किवी, अङ्गुर लगायतका फलफूलखेतीलाई अघि बढाइने केन्द्रले जनाएको छ । यहाँको हावापानीमा विभिन्न प्रजातिका फलफूल तथा तरकारी उत्पादन सुरु गरेपछि स्थानीय किसानलाई प्रविधि सिकाइ र जीवनस्तर उकास्नमा ठूलो योगदान पुग्ने अपेक्षा गरिएको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक श्रद्धाञ्जली



जन्मः
२०३८ जेष्ठ २ गते

स्वर्गारोहणः
२०८२ मंसिर ३ गते

स्व. सुमित तझ्या

हाम्रा आदरणीय भाञ्जा रानीपौवा पोखरा–११ निवासी शुभाष तझ्याका भतिजा स्व. सानुकाजी तझ्या र स्व. सुमन पुनका प्रिय छोरा आयुष्मा तझ्याका बुबा कोपिला मगर तझ्याका परम पुजनीय पति **सुमित तझ्या**को ४४ वर्षको उमेरमा असामयीक स्वर्गारोहण हुनुभएकोमा हामी अति मर्माहत भएकाछौं । यस दुःखद घडीको आज १५औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं साथै शोकसंन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि समवेदना प्रकट गर्दछौं ।

ठूलो मामाः
सम्मर बहादुर श्रेष्ठ
ठूलो माइजुः
हिरादेबी श्रेष्ठ

सानो मामाः
आनन्द कुमार श्रेष्ठ
सानो माइजुः
भगबती श्रेष्ठ

तथा श्रेष्ठ परिवार पोखरा